"हो" अथवा "होइन" मा गोलो लगाउनुहोस्।

# अध्यादेशको प्रश्नोत्तर!

| | | |
|---|---|---|
| प्रश्न १ | "टोकियो महानगरपालिकाको बालबालिका सम्बन्धित आधारभूत अध्यादेश" बालअधिकार सम्बन्धी महासन्धिमा आधारित छ। | हो / होइन |
| प्रश्न २ | बालबालिकाका विभिन्न अधिकारहरु छन् र कदर गर्नेछ। | हो / होइन |
| प्रश्न ३ | ठुलो मानिसले बालबालिकाका विचारहरुलाई गम्भीरतापूर्वक लिएर त्यसको बारेमा सोच्ने छन्। | हो / होइन |
| प्रश्न ४ | टोकियोलाई बाल मैत्री शहर बनाउने लक्ष्य लिएको छ। | हो / होइन |
| प्रश्न ५ | चिन्ता लागेको र समस्या परेको कुराहरुको बारेमा सल्लाह गर्न मिल्ने ठाउँहरु छ। | हो / होइन |

उत्तरको लागि पेज ६ हेर्नुहोस्!

कुरामात्र भएपनि सुनिदिए हुन्छ...

## कुरा गरेर हेरौं - टोकियो बालबालिका नेट

* जापानिज भाषामा मात्र उपलब्ध छ।

मन हल्का भएको महसुस भयो!

📞 ०१२०-८७४-३७४ नि:शुल्क

सोमबार देखि शुक्रबार: बिहान ९ बजे बाट राति ९ बजे सम्म
शनिबार, आइतबार र बिदाका दिनहरु: बिहान ९ बजे बाट साँझ ५ बजे सम्म
डिसेम्बर २९ तारिख देखि जनवरी ३ तारिख सम्म बन्द

**बालबालिका सम्पादक**

इचिका (कक्षा ६), उता (कक्षा ४), खाएदे (कक्षा ६), खारेन (कक्षा ६), चिसे (कक्षा ५), हिजुकी (कक्षा ६), होनो (कक्षा ६), मिखाको (कक्षा ६), योखाजे (कक्षा ६), यू (कक्षा ५), रेइआ (कक्षा ५), रिउनोसुके (कक्षा ५)

यस पुस्तिकाको प्रत्येक पेजमा अडियो कोड "Uni-Voice" छापिएको छ। मोबाइल फोनको एप आदि प्रयोग गरेर हेर्नु भयो भने सुनेर लेखिएको कुराहरुको जाँच गर्न सक्नुहुन्छ।

अडियो कोड

२०२३ साल मार्च महिनामा प्रकाशित
सम्पादन/प्रकाशन
टोकियो महानगरपालिका बालबालिका नीति सहयोग कार्यालय
बालबालिका नीति सहयोग प्रवर्द्धन विभाग योजना महाशाखा
हुलाक नं. १६३-८००१
२-८-१ निशी-शिन्जुकु, शिन्जुकु-कु, टोकियो
फोन नं.: ०३ (५३८८) २१६५


* पोस्ट गरिएको जानकारी २०२३ साल मार्च महिनाको हो।
*रेखाचित्र र चित्रहरु सबै काल्पनिक मात्र हो।
*यस पुस्तिकामा प्रकाशित रेखाचित्रहरु र चित्रहरुको नक्कल गर्ने, प्रतिलिपि बनाउने, कपी गर्ने, अरुलाई पठाउने आदि प्रतिलिपि अधिकार कानून अन्तर्गतका अपवादहरु बाहेकका कुराहरु गर्न निषेध गरिएको छ।

टोकियो महानगरपालिका





# टोकियो महानगरपालिकाको बालबालिका सम्बन्धित आधारभूत अध्यादेश



## हातेपुस्तिका

हामीहरुको अधिकारको बारे बुझौं!







## कमिक्स (माङ्गा) प्रयोग गरेर व्याख्या!

दैनिक जीवनमाको समस्याहरु अध्यादेशसँग सम्बन्धित छ?
सन्दर्भको रुपमा उपयोगी कमिक्स (माङ्गा) सहित!

अडियो कोड

# तपाईलाई यो समस्या छैन?

केटी अथवा केटा भएकोले भनेर लैङ्गिक आधारमा गर्न सक्ने कामहरु छुट्याउने गर्छ?

साथीहरुसँग खेल्ने सक्ने ठाउँहरु अझ धेरै बनाइदिए हुन्थ्यो।

बच्चा भएको कारणले विचार सुन्दैन्।

केटी भएपनि आफूलाई "बोकु (म)" भनेर भन्न दिए हुन्छ।

जिस्काउने, दुख दिने जस्ता कुराहरु गरेर चित्त दुखेपनि भन्न सक्दिन।

शिक्षक अथवा ठुलो मानिसहरुलाई भन्न चाहेको कुराहरु भन्न सक्दिन।

विद्यालय बाहेक समय बिताउन मिल्ने ठाउँ भए हुन्थ्यो।

कुनै समस्या पर्दा दुक्क भएर सल्लाह गर्न मिल्ने ठाउँ भए हुन्थ्यो।


अरु भन्दा केहि त फरक छ जस्तो लागेर मानसिक रुपमा गाह्रो भएको पनि छ।

*तपाईहरुको समस्या*
*"टोकियो महानगरपालिकाको बालबालिका सम्बन्धित आधारभूत अध्यादेश" हेरेर सोचौं!*



## त्यस समस्याको बारेमा
## "टोकियो महानगरपालिकाको बालबालिका सम्बन्धित आधारभूत अध्यादेश" हेरेर सोचौं (१)

केटी अथवा केटा भएकोले भनेर लैङ्गिक आधारमा गर्न सक्ने कामहरु छुट्याउने गर्छ?




### सबै बालबालिका सँग विभिन्न अधिकारहरु हुन्छ

धारा ४

### बाल अधिकार

बालबालिका सँग बाल अधिकार हुन्छ।
लिङ्ग तथा जाति, भाषा, धर्म, सोच्ने तरिका, अपाङ्गताको आधारमा कुनै भेदभाव गरिने छैन।
बालबालिका सँग पनि ठुलो मानिस सँग जस्तै समान अधिकार हुन्छ।



अडियो कोड



साथीहरुसँग खेल्न सक्ने ठाउँहरु अझ धेरै बनाइदिए हुन्थ्यो।




## बालबालिकाको लागि आरामदायक खेल मैदान बनाउछौं!




## बालबालिकाका लागि खेल मैदान र समय बिताउने ठाउँ बनाउने

बालबालिकाको लागि आरामदायक खेल मैदान अथवा समय बिताउने ठाउँ बनाउछौं। सबैजना आफ्ना साथीहरुसँग भेला भएर खेल्न र सक्ने जस्ता कुराहरु गरेर अमूल्य समय बिताउने कुरा सुनिश्चित गर्नेछु।










बच्चा भएको कारणले विचार सुन्दैन्।




## बालबालिका विचार सुनेर त्यसलाई गम्भीरतापूर्वक लिन्छौं!




## बालबालिकाका विचारहरु व्यक्त गर्ने र त्यसलाई अध्यादेशमा प्रतिबिम्बित गर्ने

बच्चाहरुको बारेमा कुरा गर्ने, निर्णय गर्दा बच्चाहरुले आफूले सोचेको कुरा भन्न पाउछ। ठुलो मानिसले बालबालिकाका विचारहरुलाई गम्भीरतापूर्वक लिएर त्यसको बारेमा सोच्ने छन्।

* नियम･･･अपनाउनु पर्ने उपायहरु



अडियो कोड

# टोकियो महानगरपालिकाको बालबालिका सम्बन्धित आधारभूत अध्यादेश बारे जानौं।

**बालबालिका समाजका सदस्य हुन्। बालबालिकासँग धेरै किसिमको अधिकारहरु हुन्छ। बालबालिका सँग मात्रै भएको अधिकारहरु पनि हुन्छ। बालबालिकाको अधिकारको सम्मान गरि, सबैजना खुसी भएर बाँच्न सकून् भन्ने हेतुले टोकियो महानगरपालिकाको बालबालिका सम्बन्धित आधारभूत अध्यादेश बनेको हो।**
**यो अध्यादेश देशहरु बीचमा गरिएको प्रतिज्ञामा भएको बालअधिकारसम्बन्धी महासन्धिमा आधारित छ।**

"अध्यादेश" भनेको शहरको एक किसिमको प्रतिज्ञा हो।




## मोबाइल बाट सबै धाराहरुको बारे हेर्नुहोस्!






### बाल अधिकार

बालबालिकाको अधिकारको कदर गरिन्छ।




### बालबालिकाको सिकाइ र वृद्धिको लागि समर्थन

बालबालिकाको सक्ने इच्छालाई समर्थन गर्छौं।




### बालबालिकाको कुराहरु सुन्ने

ठूलो मानिसहरुले ओअनि बालबालिकाको चिन्ता तथा पिर आदिको बारे सुनेर सहयोग गर्छन।




### बालबालिकाको सुरक्षा सुनिश्चित गर्ने

अपराध तथा दुर्घटना जस्ता खतराहरुबाट बालबालिकाको सुरक्षा गर्छौं।




### बालबालिकाका विचारहरु व्यक्त गर्ने र त्यसलाई अध्यादेशमा प्रतिबिम्बित गर्ने

बालबालिका विचार सुनेर त्यसलाई गम्भीरतापूर्वक लिन्छौं।




### बालबालिकाको खेल मैदान अथवा समय बिताउने ठाउँ बनाउने

बालबालिकाले आरामसँग समय बिताउन सक्ने खेल मैदान अथवा समय बिताउने ठाउँ बनाउनेछौं।




### बाल अधिकारको प्रचारप्रसार र जागरुकता

बालबालिका सँग अधिकार भएको कुरा ठूलो मानिसहरुलाई र बालबालिका दुबैलाई जानकारी गर्नेछौं।

**धारा ५**
बालबालिकाको दृष्टिकोणबाट सोचेर बाल मैत्री टोकियो बनाउनेछौं।

**धारा ९**
चिन्ता तथा पिर भएका बालबालिका र उनीहरुको परिवारलाई समर्थन गर्नेछौं।

**धारा ११**
विद्यालय तथा सामुदायिक क्रियाकलापहरुमा साथीहरुसँग भेला भएर स्वतन्त्र रुपमा भाग लिन अनुमति दिनेछौं।

**धारा १४**
बालअधिकार सुरक्षित नभएको अवस्थामा बालबालिकाको सुरक्षा गर्ने हेतुले ठूलो मानिसहरु मिलेर यसमा काम गर्नेछ।

अडियो कोड